**प्रमाणीकरण मितिः- २०८२/०६/०३**

# स्थानीय राजपत्र

स्थानीय सरकारद्वारा प्रकाशित

खण्डः २ | संख्याः १४ | अभिलेखीकरण मितिः २०८३/०३/०८

## भाग-२

## भीमफेदी गाउँपालिका

**स्थानीय सरकार सञ्चालन ऐन बमोजिम भीमफेदी गाउँपालिकाले बनाएको तल लेखिएबमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

## संवत् २०८३ सालको कार्यविधि-१४

# कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८२

**कार्यपालिकाबाट स्वीकृत भएको मितिः- २०८२/०६/०२**

प्रस्तावनाः कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि, प्रविधि हस्तान्तरण, क्षमता अभिवृद्धि, मूल्य श्रृङ्खलामा आधारित क्रियकलापहरु, प्रोत्सहान अनुदान र दिगो विकासका लागि कृषि विकास कार्यक्रमहरुको कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी तथा परिमाणमुखी बनाउन वाञ्छनीय देखिएकोले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ (ण) र (द) मा व्यवस्था भए बमोजिम भीमफेदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यलयले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

परिच्छेद -१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८२ रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखी प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **“अनुदान"** भन्नाले गाउँपालिका बाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि क्षेत्रको उत्पादन, प्रशोधन, मूल्य अभिवृद्धि, बजारिकरण, पूर्वाधार निमार्ण, यान्त्रिकरण, विविधिकरण, व्यावसायीकरण, आधुनिकीकरण, औधोगिकरण तथा गरिबी निवारण समेतका लागि छनौट भएका अनुदानग्राहीलाई प्रचलित कानून अनुसार लेखा राख्ने लागायतका वित्तिय उत्तरदायित्व वहन गर्ने गरी प्रदान गरिने आर्थिक सुविधा, वस्तुगत सहायता, पूर्वधार विकास वा उपलव्ध गराइने कृषि सामाग्री, उपकरण तथा अन्य सहायता सम्झनु पर्दछ ।

(ख) **“अनुदानग्राही"** भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका लाभग्राही कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सम्बन्धी सहकारी, कृषिसंग सम्बन्धित समिति र कृषि फर्म/कम्पनी/व्यवसायीहरुलाई सम्झनु पर्दछ ।

(ग) **“कृषि"** शब्दले बाली, बागवानी, पशुपन्छी, मत्स्यपालन, व्यवसायीक किट आदिका उप-क्षेत्रसंग सम्बन्धित उत्पादन, प्रशोधन, उद्योग एवं व्यावसाय सम्झनु पर्दछ।

(घ) **"कृषि सामाग्री"** भन्नाले कृषि उत्पादनमा प्रयोग हुने प्राङ्गारिक मल, विउ, वेर्ना, बिरुवा, विषादी, टनेल प्लाष्टिक, मल्चिङ्ग प्लाष्टिक, जैविक पदार्थ तथा हर्मोन, कृषि चुन रसायन, पोषक तथा शुक्ष्म तत्व, मौरी घार, मौरी गोला, कृषि औजार उपकरण लगायतका कृषि उत्पादन कार्यमा टेवा पुर्याउने अन्य सामाग्री/वस्तुलाई समेत सम्झनु पर्दछ ।

(ङ) **"सार्वजनिक पूर्वाधार"** भन्नाले सार्वजनिक निकायबाट निर्माण हुने बजार पूर्वाधार, तटबन्ध तथा बाँध निर्माण, सिंचाईका पूर्वाधारहरु, कोसेली घर, कृषि उपज बिक्रि कक्ष लगायत अन्य सार्वजनिक प्रयोजनका कृषि सम्बन्धि पूर्वाधारहरुलाई सम्झनु पर्दछ ।

(च) **"सामुदायिक पूर्वाधार"** भन्नाले उपभोक्ता समिति वा अनुदानग्राही वा लाभग्राही समुदायबाट निर्माण हुने सिंचाई पूर्वाधार, उत्पादन तथा प्रशोधन पूर्वाधार, कृषि बजार पूर्वाधार, वीउ भण्डारण, वीउ बैंक लगायत अन्य सामुदायिक प्रयोजनका कृषि सम्बन्धि पूर्वाधारहरुलाई सम्झनु पर्दछ ।

(छ) **"निजी पूर्वाधार"** भन्नाले कृषक वा फर्म वा कम्पनीबाट निर्माण हुने साना सिंचाई, नर्सरी स्थापना, प्लाष्टिक टनेल/घर जस्ता उत्पादान, प्रशोधन, भण्डारण तथा बजार सम्बन्धि विभिन्न निजी प्रयोजनका सम्झनु पर्दछ ।

(छ) **"लक्षित वर्ग"** भन्नाले कृषक, कृषि उद्यमी/उद्योगी, कृषि फर्म/कम्पनी, कृषक समूह, कृषि सम्बन्धि सहकारी, कृषि संग सम्बन्धित समिति र सदस्यहरुलाई सम्झनु पर्दछ ।

(झ) **"आर्थिक विकास समिति”** भन्नाले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गठित आर्थिक विकास समितिलाई सम्झनु पर्दछ ।

(ञ) **"सम्बन्धित कार्यालय"** भन्नाले भिमफेदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयहरुलाई सम्झनु पर्दछ ।

**३. उद्धेश्यः** यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमहरुको उद्धेश्यहरु देहाय बमोजिम हुनेछन्।

(क) कार्यक्रमहरुको पारदर्शि एवंम प्रभावकारी कार्यान्वयनमा सहजीकरण गरी एकरुपता कायम गर्ने।

(ख) कार्यक्रमहरुको सम्बन्धमा सरोकारवालाहरुलाई सुसूचित गर्ने ।

(ग) कार्यक्रमहरुको कार्यान्वियन, अनुगमन एवंम प्रगति प्रतिवेदन पद्धतिलाई प्रभावकारी बनाउने।

## परिच्छेद-२

## व्यवस्थापकीय पक्ष

४. **अनुदान उपलव्ध गराउने सक्नेः** यस कार्यविधको **परिच्छेद-३** मा उल्लेखित कृषि विकास कार्यक्रमहरुको उद्धेश्य, प्रमुख क्रियकलापहरु र न्यूनतम शर्त/मापदण्ड/प्रासङ्गिक विषय अनुसार प्रसार सेवा, क्षमता अभिवृद्धि, साना कृषक सम्बन्धी कार्यक्रम तथा आवश्यकता अनुसार व्यावसाय प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्न र अनुदान उपलव्ध गराउन सक्नेछ ।

**५. अनुदान रकमको सिमा र प्रतिशतः** सञ्चालन गरिने कृषि विकास कार्यक्रमको अनुदान रकमको सीमा देहाय बमोजिम हुनेछः-

(क) निर्माण गरिने कृषि पूर्वाधारहरु को हकमा अधिकतम पचास प्रतिशत हुनेछ।

(ख) कृषि सामाग्रीको हकमा अनुदानको सीमा पचास प्रतिशत हुनेछ।

(ग) प्रविधि प्रसार, बाली संरक्षण, माटो सुधार तथा तालिम गोष्ठी कार्यक्रमको हकमा अधिकतम शत प्रतिशत हुनेछ ।

६. **प्रस्ताव आह्वानः** (१) यस कार्यविधि बमोजिमका कार्यक्रममा सहभागी हुन लक्षित बर्गबाट माग संकलन गर्न समयमै **अनुसूची-१** बमोजिम सूचना प्रकाशन गर्नु पर्नेछ।

७. **प्रस्ताव दर्ताः**

(१) कार्यविधिको **परिच्छेद-३** अन्तर्गत विभिन्न कार्यक्रम शिर्षकमा तोकिएका मापदण्ड/आधारभुत/प्रासाङ्गिक पक्ष पूरा गर्ने गरी ईच्छुक निवेदकले **अनुसूची-७** बमोजिमको प्रस्ताव पत्र, **अनुसूची-४** बमोजिमको स्वघोषणा पत्र, **अनुसूची-३** मा उल्लेखित आवश्यक कागजातहरु सहित **अनुसूची-२** बमोजिमको ढाँचामा आवेदन दर्ता गर्नुपर्नेछ।

८. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन** :

(१) आर्थिक विकास समिति नै मूल्याङ्कन समितिको रुपमा रहि मूल्याङ्कन समितिको भुमिका निर्वाहा गर्नेछ। मूल्याङ्कन समितिले प्राप्त भएका प्रस्तावहरुको प्रारम्भिक स्थलगत अनुगमन कार्य **अनुसूची-५** बमोजिमको चेकलिष्टको आधारमा र मूल्याङ्कनको लागि **अनुसूची-६** बमोजिमको ढाँचा प्रयोग गर्न सक्नेछ।

(२) कार्यक्रम सम्पन्न भए पश्चत आर्थिक विकास समिति बाट स्थलगत अनुगमन गरि भुक्तानीको लागि सिफारिस गर्नुपर्नेछ। कार्यक्रमको अन्तिम स्थलगत प्रमाणिकरण प्रतिवेदनको लागि **अनुसूची-९** बमोजिमको ढाँचा प्रयोग गर्नुपर्नेछ।

९. लाभग्राही छनौटः

(१) दफा ८ बमोजिमको गठित मूल्याङ्कन समितिले अनुसूची-६ बमोजिमको मूल्याङ्कन गर्दा अधिकतम अङ्कको ५० % वा सो भन्दा बढी अंक प्राप्त गर्ने आवेदकलाई मात्र छनौटको सिमा भित्र राखी अन्तिम स्वीकृत नामवली आर्थिक विकास समितिको बैठक बाट निर्णय गरि अनुमोदनको लागि गाउँकार्यपालिकामा सिफारिस गर्नेछ।

(२) आर्थिक विकास समितिको बैठकबाट आवेदक छनौट भए लगतै सम्बन्धित वडा कार्यालय मार्फत आवेदकहरुलाई जानकारी गराई कार्यक्रम सञ्चालन प्रक्रिया अघि बढाईने छ।

(३) यस कार्यविधि अन्तर्गतका सञ्चालित कार्यक्रमहरुमा चालु आ.व का निर्वाचित जनप्रतिनिधि, गाउँपालिकामा कार्यरत कर्मचारी तथा सरकारी शिक्षकको एकाघरका सदस्यहरुलाई साझेदारको रुपमा समावेश गर्न पाईने छैन।

(४) प्रस्ताव आव्हान गरी प्रतिस्पर्धात्मक रुपमा लाभग्राही छनौट गर्नु नपर्ने कृषि प्रसारका नियमित क्रियकलापहरु कृषि विकास शाखाद्धारा यस कार्यविधिको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

१०. अनुदान प्रवाहः (१) कृषि विकास कार्यक्रम अन्तर्गत क्रियकलापहरु सञ्चालन गर्दा अनुदानग्राहीलाई प्रदान गरिने सेवा सुविधा सम्बन्धी व्यवस्था दफा ५ बमोजिम हुनेछ।

(२) यस कार्यविधि बमोजिम छनौट भएका अनुदानग्राहीले सञ्चालन गर्नुपर्ने क्रियकलाप, सो को समयसारणी एवंम अनुदानग्राहीले पालना गर्नुपर्ने शर्त, अनुदान रकम एवंम भुक्तानी विधि उल्लेख गरी सम्बन्धित कार्यालयले अनुदानग्राही संग **अनुसूची-८** बमोजिमको सम्झौता गरि **अनुसूची-१०** बमोजिमको ढाँचामा कार्यदेश दिएइनेछ।

११. भुक्तानी प्रक्रियाः (१) नगद अनुदान दिने कार्यक्रमको हकमा अनुदान रकम सोझै अनुदानग्राहीको बैङ्क खातामा जम्मा हुने गरी भुक्तानी गरिनेछ

(२) अनुदान रकमको भुक्तानी सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुनेछ।कार्यक्रमको प्रकृति अनुसार जिम्मेवार प्राविधिकले स्थलगत निरिक्षण गरि तयार पारेको कार्य सम्पन्न प्रतिवेदन र आर्थिक बिकास समितिको अनुगमन प्रतिवेदनको आधारमा अनुदानग्राहीलाई अन्तिम भुक्तानी गरिनेछ।

(३) अनुदानग्राहीले आफ्नो हिस्साको कार्य सम्पन्न गरेपछि मात्र कार्यालयले अनुदान तर्फको रकम भुक्तानी दिनेछ।

(४) विभिन्न तालिम , गोष्ठी, दिवसीय कार्यक्रम , अनुगमन, अध्यावधिक निरिक्षण, खरिद, ढुवानी/ईन्धन खर्च, दैनिक भ्रमण भत्ता, फिल्ड भत्ता, संचार खर्च, कार्यविधि निर्माण, व्यवस्थापन र सहजिकरण तथा अन्य शीर्षकहरुमा हुने खर्च भुक्तानीको लागि कार्यक्रमको टिप्पणी, प्रस्तावना, कार्ययोजना आदि कार्यालय प्रमुखबाट स्वीकृत/सदर गराई आवश्यक प्रक्रिया पुरा गरेको खण्डमा कार्यालयले स्वीकृत लागत अनुमान बमोजिम आवश्यक कागजात र सो कार्यको एकिन गरी नियमानुसार भुक्तानी गर्न सकिनेछ।

१२. **प्रगति प्रतिवेदनः** अनुदान प्राप्त गर्ने साझेदारले कार्य सम्पन्न पश्चात **अनुसूची-११** बमोजिमको अर्धवार्षिक र वार्षिक रुपमा प्रगति प्रतिवेदन अनिवार्य रुपमा सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ साथै कार्यालय बाट माग गरे बमोजिमको विवरण उपलव्ध गराउनु अनुदानग्राहीको जिम्मेवारी हुनेछ।

१३. **अन्य :** अनुदान कार्यक्रमका अतिरिक्त कृषि प्रसार सेवा, विशेष कृषि कार्यक्रम, कृषकलाई प्रोत्साहन सम्बन्धी कार्यक्रमहरु, आपत्कालिन रोग/किरा नियन्त्रण कार्यक्रमहरुको खर्च सीमा आर्थिक बिकास समितिले तोके बमोजिम हुनेछ ।

१४. **जिम्मेवार हुने :** यस कार्यविधिमा रहेका कार्यक्रमहरु सञ्चालन गर्दा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ तथा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ को पालना गरी वित्तिय अनुशासन कायम गर्ने/गराउने तथा गुणस्तरीय कार्य सम्पादनको सुनिश्चितता गर्ने जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुनेछ।

१५. **कारबाहीको व्यवस्था:** साझेदारले सम्झौता बमोजिम प्राप्त रकम तथा सामाग्रीहरु लिई दुरुपयोग गरेको पाईएमा प्रचलित कानून बमोजिम असुल उपर गरिनेछ र २ वर्षसम्म गाउँपालिका सरकारबाट सञ्चालन हुने कुनैपनि कार्यक्रममा समावेश गरिने छैन ।

१६. **कार्यविधि संशोधन गर्न सकिने :** कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धि कार्यविधि, २०८२ संशोधन गर्न आवश्यक परेको खण्डमा भीमफेदी गाउँपालिका गाउँ कार्यपालिकाको बैठकबाट संशोधन गर्न सकिनेछ।

## परिच्छेद-३

## कार्यक्रम र प्राविधिक पक्ष

यस परिच्छेदमा कृषि विकास कार्यक्रमहरुको कार्यक्रमगत उद्धेश्य, कार्यक्रम अन्तर्गत सञ्चालन गर्न सकिने प्रमुख क्रियकलापहरु, पालना गर्नुपर्ने न्यूनतम मापदण्ड/प्रासङ्गिक विषय जस्ता प्राविधिक पक्षहरुको बारेमा उल्लेख गरिएको छ।

१७. **कार्यक्रमको नामः व्यवसायीक फलफूल खेती (एभोकाडो/कागती/सुन्तला/नासपती/ओखर) प्रवर्द्धन कार्यक्रम :**

(१) **परिचयः-** व्यवसायीक फलफुल खेतीको प्रवर्द्धनका लागि भीमफेदी गाउँपालिकामा एभोकाडो/कागती/सुन्तला/नास्पती/ओखर जस्ता फलफूलहरुको व्यवसायीक खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

(२) **उद्धेश्यः-**

**(क)** गाउँपालिकामा फलफूल खेतीको क्षेत्र विस्तार गर्ने।

**(ख)** फलफूल खेतीको विस्तारलाई प्रवर्द्धन गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने।

**(ग)** कृषकहरुको फलफूल खेतीमा ज्ञान,सीप र क्षमतामा अभिवृद्धि गर्ने।

(३) **प्रमुख क्रियकलापहरुः-**

(क) बगैंचा/क्षेत्रफल विस्तार कार्यक्रम

(अ) बगैंचा रेखाङ्कन गर्ने,विरुवा रोप्ने खाडल खन्ने ज्यामी ज्याला,

(आ) फलफूल विरुवा खरिद,

(इ) कृषि औजार/उपकरण,(सिकेचर, करोंती, न्यापस्याक पावर स्प्रेयर),

(ई) सिंचाई पूर्वाधार निमार्ण र व्यवस्थापन (सिंचाई पाईप,पोखरी निर्माण (प्लाष्टिक पोखरी समेत)

(उ) रोग किरा नियन्त्रण,

(ऊ) बोर्डे मिश्रण तथा बोर्डो पेष्ट प्रयोग,

(ए) नर्सरी सुदृढीकरण

**(ख)** आधुनिक, उन्नत एवं दिगो कृषिका प्रविधिहरुको विकास एवं प्रसार सम्बन्धी कार्यक्रम (तालिम, भ्रमण, प्रदर्शन, गोष्ठी, सुरक्षित भण्डारण आदि)

**(ग)** कृषि उपज बजारिकरण संग सम्बन्धित कार्यक्रमहरु

(४) **लक्षित वर्गः** कृषक, कृषक समूह, कृषि फर्म, कृषि उद्यमी, कृषि संग सम्बन्धि सहकारी/समितिहरु

(५) **न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

**(क)** व्यवसायीक फलफूल विस्तारको लागि कम्तिमा २ रोपनी क्षेत्रफलमा बगैंचा स्थापना गर्ने कृषकहरुलाई विरुवा खरिद लगायत बगैंचा रेखाङ्कन, खाडल खन्ने, ज्यामी ज्याला, कृषि औजार/उपकरण तथा सिंचाई व्यवस्थापन आदिमा अनुदान उपलव्ध गराउने।

**(ख)** बगैंचा स्थापना गर्ने कृषकहरुलाई फलफूल खेती सम्बन्धी तालिम सञ्चालन गर्न सकिनेछ।

**(ग)** जमिनको चक्लावन्दी गरी गर्ने सामुहिक खेतीलाई विशेष प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ।

(६) **अनुदान प्रतिशत र अधिकतम सीमाः** यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

(७) **अपेक्षित उपलव्धीः**

(क) फलफूल खेतीको क्षेत्र विस्तारले उत्पादन वृद्धि हुनेछ।

(ख) स्थानिय स्तरमा रोजगारी सिर्जना हुनेछ।

१८. <u>कृषि यान्त्रिकरण प्रवर्द्धन कार्यक्रमः</u>

(१) **परिचयः-** परम्परागत निर्वाहमुखी खेती प्रणालीलाई आधुनिकिकरण, व्यवसायीकरण र प्रतिस्पर्धात्मक बनाउन समय सापेक्ष कृषकहरुको ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्दे लैजानु जरुरी देखिन्छ। यसै गरी आजको माग तथा आवश्यकता अनुरुप कृषि लाई आधुनिकिकरण संग जोडेर कृषि क्षेत्रलाई सरल, सहज, व्यवस्थित गर्नको निम्ति यस कार्यक्रम सञ्चालन गरिनेछ।

(२) **उद्धेश्यः-**

**(क)** कृषकहरुको ज्ञान सीप र क्षमता अभिवृद्धि गर्ने।

**(ख)** कृषकहरु माझ विभिन्न कृषि क्षेत्रमा प्रयोग हुने औजार उपकरणको प्रयोग बारेमा जानकारी गर्ने।

(३) **प्रमुख क्रियकलापहरुः-**

**(क)** कृषि तथा पशुपन्छी क्षेत्रमा प्रयोग हुने विभिन्न औजार उपकरणमा सहयोग।

**(ख)** कृषि औजार मर्मत संभार सम्बन्धि तालिम सञ्चालन।

(४) **लक्षित वर्गः** कृषक, कृषक समूह, कृषि फर्म, कृषि उद्यमी, कृषि संग सम्बन्धि सहकारी/समितिहरु

(५) **न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

**(क)** कृषि औजारका लागी न्यूनतम २ रोपनी जग्गामा खेती गरेको हुनुपर्ने ।

**(ख)** भीमफेदी गाउँपालिकाको कृषि विकास शाखाबाट अघिल्लो २ आ.व. सोही प्रकृतिको कार्यक्रममा सहभागी नभएका कृषकहरु हुनुपर्ने ।

**(ग)** कृषक समूह तथा फर्मलाई प्राथमिकता दिइने ।

(६) **अनुदान प्रतिशत र अधिकतम सीमाः** यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

(७) **अपेक्षित उपलव्धीः**

**(क)** कृषि कार्य सरल, सहज र अझ व्यवस्थित हुने।

१९. <u>आलु वाली पकेट विकास कार्यक्रमः</u>

(१) **परिचयः-** आलु वालीको पकेट क्षेत्र स्थापना गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आलु वालीको उपलव्धता वृद्धिका लागि आलु वाली पकेट विकास कार्यक्रम सञ्चालन गरिनेछ।

(२) **उद्धेश्यः-**

**(क)** आलु वालीको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी न्यून आय भएका कृषकको आर्थिक स्तरमा सुधार गर्ने।

**(ख)** आलुको प्रतिस्थापनमा टेवा पुर्याउने।

**(ग)** व्यवसायीक खेतीमा कृषकहरुको संलग्नता बढाई स्वरोजगार र आम्दानी वृद्धि गर्ने।

**(३) प्रमुख क्रियकलापहरुः-**

**(क)** उन्नत बीउ, मल, बाली संरक्षण, आलु भण्डारण, कृषि औजार एवं उपकरण,

**(ख)** साना सिंचाई निर्माण, रष्टिक स्टोर निर्माण,

**(ग)** क्षमता अभिवृद्धि तालिम/अभिमुखिकरण।

**(४) लक्षित वर्गः** आलु उत्पादन गर्ने कृषक समूह, कृषि सहकारी

**(५) न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

**(क)** प्रति क्लस्टर कृषक समूह/ कृषि सहकारीको हकमा न्युनतम २० रोपनी जग्गामा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

**(ख)** वीउ प्रमाणित स्रोतबाट खरिद गर्नु पर्नेछ।

**(६) अनुदान प्रतिशत र अधिकतम सीमाः** यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

**(७) अपेक्षित उपलव्धीः**

**(क)** उत्पादन तथा उत्पादकत्व वृद्धि।

**(ख)** क्षेत्रफल विस्तार।

२०. <u>स्थालगत घुम्ति माटो परिक्षण शिविर तथा कृषि चुन वितरण कार्यक्रमः</u>

**(१) परिचयः-** विभिन्न वालीवस्तुहरु लगाउने माटोमा रहेका खाद्य तत्वहरु अम्लिय तथा क्षारियपना, प्राङ्गारिक पदार्थ आदिको अवस्था पहिचान गर्न, माटोको उर्वरशक्ति ह्रासलाई सुधार गरी विभिन्न वालीहरुको आवश्यकता अनुरुप खाद्यतत्व आपूर्ति गर्न स्थलगत रुपमा कृषकहरुको खेतवारीको माटो परिक्षण सेवा उपलव्ध गराउन विभिन्न स्थानहरुमा स्थलगत घुम्ति माटो परिक्षण शिविर सञ्चालन गरिनेछ।

**(२) उद्धेश्यः-**

**(क)** माटोमा रहेका विरुवाको खाद्यतत्व पहिचान, सम्वद्ध समस्याहरुको समाधान, प्राङ्गारिक श्रोतको प्रवर्द्धन गरी माटोको उर्वरशक्ति व्यवस्थापन, बिरुवाको विकास र वृद्धिमा सुधार ल्याई कृषि उत्पादकत्वमा सुधार ल्याउने।

**(ख)** कृषक सहभागितामा उर्वराशक्तिको जानकारी लिनुको साथै स्थलगत रुपमा माटो विश्लेषण गर्नु।

**(ग)** स्थलगत रुपमा माटो विश्लेषण गरी व्यवस्थापन सम्बन्धि प्रविधि सिफारिस गर्नु।

**(३) प्रमुख क्रियकलापहरुः-**

**(क)** माटो परिक्षण शिविर सम्बन्धी तालिम/अन्तरक्रिया

**(ख)** माटो परिक्षण

**(ग)** विरुवालाई चाहिने खाद्यतत्व, कृषि चुन तथा प्राङ्गारिक मल व्यवस्थापन

(४) **लक्षित वर्गः** कृषक, कृषक समूह, कृषि फर्म, कृषि उद्यमी, कृषि संग सम्बन्धि सहकारी/समितिहरु

**(५) न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

**(क)** यस गाउँपालिका भित्र बसोवास गर्ने कृषकहरुलाई समेटी माटो तथा मल परिक्षण प्रयोगशाला, हेटौंडा संग समन्वय गरी स्थलगत घुम्ति माटो परिक्षण शिविर सञ्चालन गरि प्राप्त प्रतिवेदनको आधारमा कृषि चुन वितरण गरिनेछ।

(६) **अनुदान प्रतिशत र अधिकतम सीमाः** यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

**(७) अपेक्षित उपलव्धीः**

**(क)** कृषकहरुले माटो परिक्षण को महत्व बारे जानकारी हुने।

**(ख)** कृषकहरुको माटो सुधार भई कृषि उत्पादनमा वृद्धि हुने।

२१. <u>चिया खेती प्रवर्द्धन कार्यक्रमः</u>

(१) **परिचयः-** भीमफेदी गाउँपालिकामा चिया खेती पनि सम्भाव्य वालीको रुपमा रहेको छ। चिया खेतीको लागी यहाँ उपयुक्त हावापानी, माटो रहेको हुँदा परीक्षणकालको रुपमा भीमफेदी गाउँपालिका वडा नं ५ को विभिन्न स्थानहरुमा चिया खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

(२) **उद्धेश्यः-**

**(क)** चिया खेतीको नयाँ बगैंचा स्थापना गर्ने।

(३) **प्रमुख क्रियकलापहरुः-**

(क) **नयाँ बगैंचा स्थापना**

(अ) बगैंचा रेखाङ्कन, निकास नालाहरुको निर्माण जमिनको तयारी तथा खाडल खन्ने बिरुवा रोप्ने ज्यामी ज्याला,

(आ) मलखाद तथा सुक्ष्म तत्व प्रयोग

(इ) बिरुवा खरिद

(ई) सिंचाई पूर्वधार निर्माण र व्यवस्थापन

(उ) कृषि औजार/उपकरण तथा सिंचाई व्यवस्थापन

(ख) **चियाको पुरानो बगैंचा व्यवस्थापन**

(अ) काँटछाँट

(आ) रोग किरा नियन्त्रण

(इ) मलखाद तथा सुक्ष्म तत्व प्रयोग

(ई) कृषि औजार/उपकरण

(उ) सिंचाई पूर्वधार निर्माण र व्यवस्थापन

(४) **लक्षित वर्गः** कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सम्बन्धि सहकारी, कृषि फर्महरु।

**(५) न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

**(क)** व्यवसायिक चिया खेती विस्तारको लागि कम्तिमा २ रोपनी क्षेत्रफलमा बगैंचा स्थापना गर्ने कृषकहरुलाई मात्र चियाको बिरुवा खरिद लगायत बगैंचा रेखाङ्कन, निकास नालाहरुको निर्माण, जमिनको तयारी तथा खाडल खन्ने, बिरुवा रोप्ने ज्यामी ज्याला, कृषि औजार/उपकरण तथा सिंचाई व्यवस्थापन आदिमा अनुदान उपलव्ध गराउन सकिनेछ।

**(ख)** पुरानो चिया बगैंचा व्यवस्थापन कार्यक्रम सञ्चालनको लागि एक कल्ष्टरमा कम्तिमा १० रोपनी क्षेत्रफल हुनु पर्नेछ भने एक कल्ष्टरमा कृषक संख्या एक भन्दा बढी हुन सक्नेछ।

**(ग)** वीउ प्रमाणित स्रोतबाट खरिद गर्नु पर्नेछ।

(६) **अनुदान प्रतिशत र अधिकतम सीमाः** यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

(७) **अपेक्षित उपलव्धीः**

**(क)** चिया खेतीको क्षेत्रफल विस्तार।

**(ख)** स्थानिय स्तरमा रोजगारी सिर्जना हुनेछ।

२२. <u>कुरिलो खेती विस्तार कार्यक्रमः</u>

(१) **परिचयः-** व्यवसायीक कुरिलो खेती विस्तारको लागि भीमफेदी गाउँपालिकामा कुरिलो प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

(२) **उद्धेश्यः-**

**(क)** कुरिलो खेतीको क्षेत्रफल विस्तार गर्ने।

(३) **प्रमुख क्रियकलापहरुः-**

(क) बिरुवा खरिद

**(ख)** खाल्डो खन्ने, गोडमेल गर्ने, जग्गा तयारी गर्ने वा अन्य कार्यको लागी

**(ग)** सिंचाई व्यवस्थापन(पाईप, ट्याङ्की, धारा)

(घ) मलखाद तथा विषादी (गोंठेमल/कम्पोष्ट मल/विषादी आदि)

(४) **लक्षित वर्गः** कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सम्बन्धि सहकारी, कृषि फर्महरु।

**(५) न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

**(क)** व्यवसायिक कुरिलो खेती विस्तारको लागि कम्तिमा २ रोपनी क्षेत्रफलमा खेती गर्न इच्छुक कृषकहरुलाई मात्र कुरिलोको बिरुवा खरिद लगायत खाल्डो खन्ने, गोडमेल गर्ने, जग्गा तयारी, सिंचाई व्यवस्थापन(पाईप, ट्याङ्की, धारा) मलखाद तथा विषादी (गोठेमल/कम्पोष्ट मल/विषादी) आदिमा अनुदान उपलव्ध गराउन सकिनेछ।

(६) **अनुदान प्रतिशत र अधिकतम सीमाः** यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

(७) **अपेक्षित उपलव्धीः**

(क) कुरिलो खेतीको क्षेत्रफल विस्तार।

(ख) स्थानिय स्तरमा रोजगारी सिर्जना हुनेछ।

२३. टनेल हाउस निर्माण कार्यक्रमः

(१) **परिचयः-** कृषि क्षेत्रको उत्पादकत्व वृद्धि तथा व्यावसायीकरणका लागी कृषि क्षेत्रमा आवद्ध लक्षित वर्गहरुको विकास जरुरी हुन्छ। यसरी लक्षित वर्ग बाट स्थापना भएका कृषि फर्महरुको बार्षिक उत्पादनले खाद्य सुरक्षामा समेत टेवा पुऱ्याएको हुन्छ। भीमफेदी गाउँपालिकाको आ.व. २०८२/०८३ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार बेमौसमी तरकारी खेतीको लागी ५० % अनुदानमा टनेल हाउस निर्माण गरी कृषि क्षेत्रमा प्रविधि विस्तार गरिनुका साथै यस क्षेत्रको उत्पादन समेत वृद्धि गर्ने लक्ष्य रहेको छ।

(२) उद्धेश्यः-

(क) बेमौसमी तरकारी खेती र तरकारीको उत्पादनका लागी ५०% अनुदानमा भीमफेदी गाउँपालिकाको सबै वडाहरु समेटी टनेल हाउस निर्माण गर्ने।

(३) **प्रमुख क्रियकलापहरुः-**

(क) प्लाष्टिक टनेल हाउस निर्माण

(ख) थोपा सिंचाई सेट वितरण

(ग) टनेल प्लाष्टिक वितरण

(घ) तालिम कार्यक्रम

(४) **लक्षित वर्गः** कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सम्बन्धि सहकारी, कृषि फर्महरु।

(५) **न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

(क) टनेल हाउस निर्माण कार्यक्रमको लागी न्यूनतम २ रोपनी जग्गामा खेती गरेको हुनुपर्नेछ ।

(ख) आवेदन यस गाउँपालिकाको आर्थिक विकास समितिले छनौट गर्नेछ। आवेदन छनौट गर्दा लक्षित समुदाय भए नभएको, भीमफेदी गाउँपलिकामा स्थायी बसोबास गर्ने वा नगर्ने, विगतका वर्षहरुमा अनुदान प्राप्त गरे वा नगरेको आदी पक्षलाई आधार मानेर छनौट गर्नुपर्नेछ।

**(ग)** आवेदन छनौट गर्दा बरोजगार, बैदेशिक रोजगारबाट फर्केका युवाले स्थापना गरेका कृषि फर्महरुलाई विशेष प्राथमिकता दिईनेछ।

**(घ)** छनौट भएका कृषकले फलाम वा बाँसको टनेल निर्माण गर्न सक्नेछ र अधिकतम दुई वटा बाँस/फलामको टनेल निर्माणमा अनुदान उपलव्ध गराईनेछ।

**(ङ)** आवेदकले कम्तिमा ३ वर्ष सम्म टनेलमा खेती गर्ने भनि प्रतिवद्धता समेत पेश गर्नुपर्नेछ।

**(च)** आर्थिक विकास समितिले कार्यक्रमको आवश्यकता अनुसार कार्यक्रमको चेकलिष्ट तथा प्रस्ताव छनौटका आधार र अङ्कभार निर्धारण गर्न सक्नेछ।

(६) **अनुदान प्रतिशत र अधिकतम सीमाः** यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

(७) **अपेक्षित उपलव्धीः**

**(क)** तरकारी वालीको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी न्यून आय भएका कृषकककको आर्थिक स्तरमा सुधार गर्ने।

**(ख)** व्यवसायीक खेतीमा कृषकहरुको संलग्नता बढाई स्वरोजगार र आम्दानी वृद्धि गर्ने।

२४. <u>**बैठक सञ्चालन खर्चः**</u>

(१) **परिचयः-** भीमफेदी गाउँपालिकाको कृषि विकास कार्यक्रम सञ्चालनमा पारदर्शिता एवंम सुशासन कायम गर्न विभिन्न प्रकृतिको कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा यस गाउँपालिकामा गठित विभिन्न समिति तथा उपसमितिहरुको बैठक सञ्चालन गर्न यो कार्यक्रम सञ्चालन गर्न सकिन्छ।

(२) **उद्धेश्यः-**

**(क)** नेपाल सरकारबाट विभिन्न समयमा जारी भएको ऐन, नियम, निर्देशिका, कार्यविधि एवंम स्थानिय सरकार सञ्चालन ऐन, २०७४ र गाउँपालिका बाट जारी ऐन तथा कार्यपालिकाको बैठकको निर्णय बमोजिम गठन भएको समितिहरुको बैठक सञ्चालन गर्ने।

**(ख)** विभिन्न विषयगत समितिहरुको बैठक बसी आवश्यक छलफल सहित निर्णय गराई कार्यान्वयन गरिने,

**(ग)** कार्यक्रम सञ्चालनमा पारदर्शिता एवंम सुशासन कायम गर्ने।

(३) **प्रमुख क्रियकलापहरुः-**

**(क)** विभिन्न विषयगत समितिहरुको बैठक सञ्चालन (स्पष्टिकरणः आर्थिक विकास समिति, स्थानिय तह मल वितरण व्यवस्थापन समिति, विभिन्न ऐन, नियामवली, निर्देशिका र कार्यविधिमा व्यवस्था भए बमोजिमको समिति र कार्यपालिका बाट गठित समितिहरु)

(४) **लक्षित वर्गः** समितका पदाधिकारी, सदस्य एवंम आमान्त्रित प्रतिनिधिहरु

**(५) न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

**(क)** विषयगत समितिहरुको पदाधिकारी वा सदस्य हुनुपर्ने।

**(ख)** आमन्त्रित पदाधिकारीको हकमा विषय विशेषज्ञ वा सम्बन्धित सरोकारवाला निकायको प्रतिनिधि हुनुपर्ने।

(६) **आर्थिक पक्षः** विभिन विषयगत समितिहरुको बैठक सञ्चालन गर्दा निम्नानुसार खर्च गर्न सकिनेछ।

**(क)** प्रति सहभागी खाजा खर्च रु. २००।-

**(ख)** प्रति सहभागी खाना खर्च रु. ३००।-

**(ग)** प्रति सहभागी बैठक भत्ता रु. १०००।-मा नियामनुसार करकट्टा गरिनेछ।

**(७) अपेक्षित उपलव्धीः**

**(क)** कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालनमा सहजीकरण भई पारदर्शिता र सुशासन कायम भएको हुनेछ।

**२५. <u>गा.पा तथा वडा स्तरिय कृषक समूहको मासिक बैठक खर्चः</u>**

(१) **परिचयः-** भीमफेदी गाउँपालिका भित्र दर्ता भई सञ्चालनमा रहेका कृषक समूहरुलाई सक्रिय र क्षमता अभिवृद्धि गर्न, गराउनु साथै समूह परिचालन मार्फत कृषि तथ पशु विकास कार्यक्रमको प्रभावकारिता र पारदर्शिता ल्याउन पालिका भित्र रहेका कृषक समूह बाट प्रतिनिधित्व गराउने गरि गा.पा तथा वडा स्तरिय कृषक समूहको मासिक बैठक सञ्चालन गरिनेछ।

(२) **उद्धेश्यः-**

**(क)** भीमफेदी गाउँपालिकाबाट सञ्चालन हुने कृषि तथा पशु विकास कार्यक्रमको बारेमा जानकारी गराउने।

**(ख)** संघ, प्रदेश र स्थानिय तहबाट कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन सम्बन्धिको कार्यक्रमहरुको प्रचार प्रसार गर्ने।

**(ग)** कृषि विकास कार्यक्रम सञ्चालनमा प्रभावकारित र पारदर्शिता ल्याउने।

(३) **प्रमुख क्रियकलापहरुः-**

**(क)** गा.पा तथा वडा स्तरमा कृषक समूहको बैठक सञ्चालन गर्ने।

(४) **लक्षित वर्गः** कृषक, कृषक समूह, कृषि सहकारीका आवद्ध सदस्यहरु, कृषि फर्म. कृषि कम्पनी र सरोकारवाला निकायहरु।

**(५) न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

**(क)** बैठक सञ्चालनको लागि यस कार्यलयमा दर्ता भएका कृषक समूह, कृषि सहकारी, कृषि फर्म र सरोकारवाला निकायहरुको उपस्थिति हुनुपर्ने।

**(ख)** बैठक सञ्चालन गर्दा एक विषयमा समसामयिक विषयमा कार्यपत्र प्रस्तुत गर्नुपर्ने।

(६) **आर्थिक पक्षः** कृषक समूहको मासिक बैठक सञ्चालन गर्दा निम्नानुसार खर्च गर्न सकिनेछ।

**(क)** प्रति सहभागी खाजा खर्च रु. २००।-

**(ख)** प्रति सहभागीता भत्ता खर्च रु. २००

**(ग)** कार्यपत्र प्रस्तुतिकरण बापत बढिमा रु. १३००।–मा नियामनुसार करकट्टी हुने।

**(७) अपेक्षित उपलव्धीः**

**(क)** गाउँपालिकाबाट सञ्चालन हुने कृषि तथा पशु विकास कार्यक्रमको बारेमा कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म र सम्बन्धित सरोकारवाला निकायहरु जानकारी प्राप्त गरेको हुनेछ।

२६. **<u>मौरीपालन प्रवर्द्धन कार्यक्रमः</u>**

(१) **परिचयः-** भीमफेदी गाउँपालिका भित्र व्यावसायिक मौरीपालनलाई प्रवर्द्धन गरी उत्पादन र उत्पादकत्व वृद्धि मार्फत आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्नको लागि यस कार्यक्रम सञ्चालन गरिनेछ।

(२) उद्धेश्यः-

**(क)** मौरीपालक कृषकहरुलाई माग तथा आवश्यक्ता अनुसार मौरी गोला, घार तथा अन्य उपकरणहरु उपलव्ध गराई उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने।

**(३) प्रमुख क्रियकलापहरुः-**

**(क)** भौगोलिक दृष्टिकोणले उपयुक्त हुने जातको मौरी र सोही अनुसारको घार विक्रि वितरण गर्न सकिनेछ। मौरीपालनको लागि आवश्यक अन्य उपकरणहरु जस्तै घुम्टि, धूवाँदानी, मह छान्ने जाली, क्विन गेट, क्विन केज, फिडर, कृत्रिम आधार चाका आदि पनि वितरण गर्न सकिनेछ। खाली रहेको घारमा मौरी भर्न समेत अनुदान उपलव्ध गराउन सकिनेछ।

**(ख)** यस कार्यक्रम अन्तर्गत मह प्रशोधनको लागि महदानी (Honey Extractor) वितरण गर्न सकिनेछ। मह तथा मौरीको उप-उत्पादनहरुको प्याकेजिङ्ग र ब्राण्डिङमा प्रयोग हुने सामाग्रीमा ५०% सम्म अनुदान उपलव्ध गराउन सकिनेछ।

**(ग)** मौरीपालन सम्बन्धि आधारभूत तालिम, मौरीका उप-उत्पादनहरु प्रशोधन तथा बजारीकरण तालिम, रोग किरा नियन्त्रण, मौरीमा विषादीको असर र परागसेचनमा मौरीको भूमिका जस्ता विषयहरुमा सचेतना कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ।

(४) **लक्षित वर्गः** कृषक, कृषक समूह. कृषि सहकारीका आवद्ध सदस्यहरु, कृषि फर्म. कृषि कम्पनी

**(५) न्यूनतम मापदण्ड/प्रासङ्गिक विषय:**

**(क)** कार्यक्रम सञ्चालनको लागि ५ घार मौरीपालन गर्न प्रस्ताव पेश गर्ने कृषक र १० घार भन्दा माथि मौरीपालन गर्न इच्छुक कृषक समूह/कृषि फर्म/कृषि उद्यमी/कृषि सहकारीहरुलाई सोही अनुसार मौरी गोला, घार तथा अन्य उपकरणहरु खरिदमा अनुदान उपलव्ध गराउनु पर्नेछ।

**(ख)** मह तथा मौरी जन्य उपजहरुको उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धित क्रियकलापहरुमा सहजीहरण गर्न आवश्यकता अनुसार तालिम सञ्चालन गर्न सकिनेछ।

(६) **आर्थिक पक्ष:** यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

**(७) अपेक्षित उपलव्धी:**

**(क)** आधुनिक मौरी घार तथा अन्य उत्पादन सामग्रीहरुको उपलव्धता हुने।

२७. **<u>गाँजर खेती प्रवर्द्धन कार्यक्रम:</u>**

**(१) परिचय:-** भीमफेदी गाउँपालिका भित्र गाँजर खेती प्रवर्द्धन गरी उत्पादन र उत्पादकत्व वृद्धि मार्फत आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्नको लागि यस कार्यक्रम सञ्चालन गरिनेछ।

(२) **उद्धेश्य:-**

**(क)** गाँजरको पकेट क्षेत्र स्थापना गर्ने।

(३) **प्रमुख क्रियकलापहरु:-**

**(क)** गाँजरको विउ लगायत गाँजर खेतीको लागि आवश्यक अन्य सामाग्रिहरुमा खरिदमा बढिमा ५० % अनुदान उपलव्ध गराउन सकिनेछ।

**(ख)** कृषक स्तरमा उत्पादन भएको उपजको सहज बजारिकरण र उपभोक्ता माझ गुणस्तरीय ताजा उपज उपलव्धता सुनिश्चित गर्नको लागि उपयुक्त स्थानको छनौट गरि कृषक, व्यवसायी वा कृषक समूह/सहकारीलाई गाँजर बाट उत्पादन हुने वस्तुहरु विक्रि वितरणको लागि मार्ट स्थापनाको लागि सहयोग गर्न सकिनेछ। यस अन्तर्गत मार्ट सञ्चालन गर्ने स्थानको भाडा/निर्माण खर्च, Decoration खर्च, प्रशोधन, प्याकेजिङ तथा ब्राण्डिङमा प्रयोग हुने सामाग्रीहरुमा अनुदान उपलव्ध गराउन सकिनेछ।

**(ग)** गाँजर खेती सम्बन्धि तालिम, गाँजरको उप-उत्पादनहरु प्रशोधन तथा बजारीकरण तालिम, रोग किरा नियन्त्रण जस्ता विषयहरुमा कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ।

(४) **लक्षित वर्ग:** कृषक, कृषक समूह. कृषि सहकारीका आवद्ध सदस्यहरु, कृषि फर्म. कृषि कम्पनी

**(५) न्यूनतम मापदण्ड/प्रासङ्गिक विषय:**

(क) मागको आधारमा खेती गर्ने क्षेत्रफल अनुसार ईच्छुक कृषकहरुले आवेदन दिन सक्नेछ।

(६) **आर्थिक पक्ष:** यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

**(७) अपेक्षित उपलव्धी:**

**(क)** उत्पादन तथा उत्पादकत्वमा वृद्धि हुन गई कृषकहरुको आयस्तरमा सुधार आउने।

**प्रमाणीकरण मितिः- २०८२/०६/०३**

<u>अनुसूची-१</u>

<u>(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)</u>

<u>प्रस्ताव आव्हानको सूचना</u>

**प्रथम पटक प्रकाशित मितिः २०८२/----/----**

भीमफेदी गाउँपालिका, बागमती प्रदेश अन्तर्गतको कृषि विकास शाखाको आ.व ------- को स्वीकृत वार्षिक कार्यक्रम----------------------------------सञ्चालन गर्न इच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको --------औं दिनसम्ममा कार्यालय समय भित्र आईपुग्ने गरी देहाय बमोजिमका आवश्यक कागजात र निवेदन साथ अनुसूची-२ बमोजिमको प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

<u>तपसिलः</u>

१. निवेदन,

२. संस्थाको हकमा संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि,

३. संस्थाको हकमा स्थायी लेखा नम्बर (PAN) दर्ता/नविकरण प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,

४. निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

५. प्रस्ताव अनुसारको लागत अनुमान,

६. वडा कार्यालयको सिफारिस,

७. स्वघोषणा पत्र,

८. जग्गाधनि पूर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको भए सम्झौता पत्रको प्रतिलिपि।

*(नोटः कार्यालयले कार्यक्रमको प्रकृति अनुरुप प्रस्ताव आव्हानको सूचना आवश्यक परिमार्जन गर्न सक्नेछ।)*

**प्रमाणीकरण मितिः- २०८२/०६/०३**

अनुसूचि-२
(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)
आवेदनको ढाँचा

मितिः .................................

**श्रीमान् कार्यालय प्रमूख ज्यू**

**भीमफेदी गाउँपालिका, मकवानपुर।**

**विषयः प्रस्ताव पेश गरिएको सम्बन्धमा।**

प्रस्तुत विषयमा भीमफेदी गाउँपालिका कृषि विकास शाखाको आ.व. ......... को स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनका लागि मिति ............................ गते प्रकाशित सूचना अनुसार .............................................................................. कार्यक्रम सञ्चालन गर्ने ईच्छा भएकोले तपसिल अनुसारका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु/छौं। उक्त कार्यक्रम प्राप्त भएमा द्विपक्षिय सम्झौता र कार्यविधिमा भएका शर्त र मापदण्ड परिपालना गरि कार्यक्रम संचालन गर्ने प्रतिबद्धता गर्दछु साथै सम्झौता र मापदण्ड विपरित गरेको पाइएमा प्रचलित कानून बमोजिम सजायको भागेदार हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध छ।

संलग्न कागजातहरु,

१) ६)
२) ७)
३) ८)
४) ९)
५)

औंठा छाप

| दाँया | बाँया |
|---|---|
| | |

आवेदकको नामः-
पदः
ठेगानाः
संस्थाको छापः-
संस्थाको नामः-
सम्पर्क नंः-

**प्रमाणीकरण मिति:- २०८२/०६/०३**

<u>अनुसूचि-३</u>

<u>(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)</u>

<u>आवेदन साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुको सूची:</u>

१. निवेदकको नेपाली नागरिकताको प्रतिलिपी

२. कृषक समूह/समिति/सहकारी/संस्था/निजि फर्मको सम्बन्धित निकायमा दर्ता/नविकरण भएको प्रमाण पत्र, PAN दर्ता प्रमाण पत्रको प्रतिलिपि

३. संस्थाको हकमा स्थायी लेखा नं र करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि कृषक समूह/समिति/सहकारी/संस्थाको हकमा कार्यक्रम संचालनको बैठक निर्णय प्रतिलिपि

४. सहकारी/संस्थाको हकमा सम्बन्धित व्यवसाय सञ्चालन गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपि

५. कृषक समूह/समिति/सहकारी/संस्थाले अनुदान माग गर्दा अनिवार्य रुपमा कृषक छनौट गरी कृषकको नाम र ठेगाना खुलाएको पत्र

६. कार्ययोजना अनुरुपको योग्यता,तालिम र अनुभव जनाउने कागजात

७. सम्बन्धित वडा कार्यालयको सिफारिस

८. जग्गा स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्षको करार सम्झौता पत्र

९. आवेदकले विगत २ वर्ष यता कुनै पनि सरकारी निकायबाट सोहि प्रकृतिको कामको लागि अनुदान नलिएको स्वघोषणा पत्र

*(नोटः कार्यालयले कार्यक्रमको प्रकृति अनुरुप आवश्यक कागजातहरुको सूचीमा परिमार्जन गर्न सक्नेछ।)*

**प्रमाणीकरण मिति:- २०८२/०६/०३**

अनुसूचि-४

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

स्वघोषण-पत्र

**श्रीमान् कार्यालय प्रमुख ज्यू,**

**भीमफेदी गाउँपलिका।**

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति .............................. को प्रकाशित सूचना अनुसार भीमफेदी गाउँपालिका ..........नं. वडा, .................................... गाउँ/टोल स्थित ............................ कृषक/समूह/सहकारी/फर्म/कम्पनीले ............................................... कार्यक्रम प्रस्ताव पेश गरेको हुँदा तपसिलका बुँदाहरुमा प्रतिवद्धता व्यक्त गर्दछु/छौं। यदि यस स्व-घोषणामा केहि झूठ पाइएमा प्रचलित कानून बमोजिम सजायको भागेदार हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/छौं।

तपसिल:

१. विगत २ आर्थिक वर्ष यता कुनै पनि सरकारी निकायबाट सोहि प्रकृतिको कामको लागि म र मेरो एकाघर परिवारले अनुदान लिएको छैन।

२. म प्रस्ताव पेश गरेको कार्यक्रममा छनौट भएको खण्डमा सम्बन्धित कार्यविधि बमोजिम रहि कार्यक्रमको कार्यान्वयन गर्नेछु।

औंठा छाप

| **दाँया** | **बाँया** |
|---|---|
| | |

आवेदकको नामः-

पदः-

ठेगानाः-

संस्थाको नामः-

संस्थाको छापः-

सम्पर्क नंः-

अनुसूची-५

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

## कार्यक्रम चेकलिष्ट

कृषक/समुह/सहकारीको नामः

ठेगानाः

| क.स. | कृषि विकास कार्यक्रमका लाभग्राही छनौट चेकलिस्ट | मापदण्ड पूरा गरेको | | |
|---|---|---|---|---|
| | | छ | छैन | सूचना छैन |
| १ | उद्धेश्य तथा अपेक्षित प्रतिफल परिमाण र प्रतिफल उल्लेख भएको छ ? | | | |
| २ | तोकिएको भौगोलिक क्षेत्रको लागि उपयुक्त छ ? | | | |
| ३ | आवश्यक कागजातहरु पुरा भएको छ ? | | | |
| ४ | कार्यक्रम सञ्चालनको लागि आर्थिक रुपमा सवल छ ? लागत भन्दा लाभ बढि छ छैन ? | | | |
| ५ | कृषक/समूह/संस्थाले व्यवस्थापन गर्न सक्ने प्रकृतिको छ छैन दक्ष जनशक्तिको पर्याप्त मात्रामा संलग्नता छ छैन ? | | | |
| ६ | अन्य स्रोतबाट पनि बजेट विनियोजन भई दोहोरोपना नभएको बारे प्रष्ट पारेको छ ? | | | |
| ७ | कार्यक्रम संचालनमा आधारभूत स्रोत प्राप्त गर्न सक्ने पर्याप्त संभावना रहेको छ ? | | | |
| ८ | के प्रस्तावित कार्यक्रमले महिलाहरुको कार्यबोझ थप गर्ने संभावना रहेको छ ? | | | |
| ९ | कार्यान्वयनका कारणले समुदाय समुदाय बिच विवाद आउने संभावना रहेको छ ? | | | |
| १० | अन्य कैफियत यदि केही भएमा | | | |

**स्थलगत निरीक्षण पश्चातको निर्णयः**

| निर्णयः- | चिन्ह () लगाउनुहोस |
|---|---|
| छनौटको लागि मूल्याङ्कन गर्ने। | |
| अवलोकनकर्ताको नाम र सहिः | |
| **नामः** **सहिः** | |
| **नामः** **सहिः** | |

अनुसूची-६
(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

कार्यक्रमको नामः
आवेदकको नाम र ठेगानाः
मितिः
मूल्याङ्कनः

| क्र.सं. | सूचकाङ आधार | अधिकतम अङ्क | प्राप्ताकं | कैफियत |
|---|---|---|---|---|
| क) | प्रमुख मापदण्ड(६५) | | | |
| १ | प्रस्तावित कार्यले सृजना गर्ने रोजगारीको अवसर | १० | | |
| २ | भौतिक पूर्वधार (बाटो, बिजुली, पानी, बजार सुविधा आदि) | १० | | |
| ३ | विगतको वर्षहरुमा कृषि अनुदानमा पहुँच नभएका लक्षित समुदाय/कृषक/समूह/संस्था | १० | | |
| ४ | प्रस्तावित कार्यले उत्पादन वृद्धि, प्रशोधन र बजारिकरणमा पुग्ने सहयोग | १५ | | |
| ५ | प्रस्तावित कार्यले सृजना गर्ने रोजगारीको अवसर | १० | | |
| ६ | प्रस्तावित कार्ययोजना अनुरुपको सामाजिक, भौगोलिक एवं प्राविधिक उपयुक्तता | १० | | |
| जम्माः- | | ६५ | | |
| ख) | साहयक मापदण्ड(३५) | | | |
| १ | प्रस्तावकको आवश्यक कागजातको प्रक्रिया पूरा भएको | १० | | |
| २ | प्रस्तावित कार्यक्रम माग एवं आवश्यक्ता अनरुप रहे/नरहेको | १० | | |
| ३ | समान प्रकृतिका अनुदान सहयोगमा पहुँच नभएका कृषक/समूह/सहकारी/संस्था/समिति/फर्महरु आदि | ५ | | |
| ४ | सहभागी लक्षित वर्गको नगद वा वस्तुगत योगदान परिमाण र प्रतिवद्धता | ५ | | |
| ५ | आवेदकको संस्थागत क्षमता तथा कार्य अनुभव | ५ | | |
| जम्माः- | | ३५ | | |

(५०% वा सो भन्दा बढी अंक आउने आवेदकलाई मात्र छनौटका सिमा भित्र राखी अन्तिम स्वीकृत नामवली आर्थिक विकास समितिको बैठक बाट सिफारिस गरिनेछ।)

(**नोटः** आर्थिक विकास समितिले कार्यक्रमको आवश्यकता अनुसार प्रस्ताव छनौटका आधार र अङ्कभार निर्धारण गर्न सक्नेछ।

## अनुसूची-७

### (दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

### प्रस्ताव-पत्र

| क) प्राविधिक प्रस्तावः | | | | | | |
|---|---|---|---|---|---|---|
| १. | प्रस्तावित कार्यक्रमको नामः | | | | | |
| २. | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगानाः | | | | | |
| ३. | आवेदकको नामः | | | | | |
| ४. | ठेगानाः | | | | | |
| ५. | आवेदकको संपर्क नंः | | | | | |
| ६. | आवेदकको email address: | | | | | |
| ७. | आवेदक संस्थाको दर्ता नम्बरः | | | | | |
| ८. | दर्ता भएको निकाय र दर्ता मितिः | | | | | |
| ९. | आवेदकको उमेरः | | | | | |
| १०. | भ्याट/प्यान दर्ता नम्बरः | | | | | |
| ११. | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु. | | | | | |
| १२. | प्रस्तावकले आफ्नै श्रोतबाट व्यहोर्ने रकम रु. | | | | | |
| १३. | गाउँपालिकालाई माग गरेको रकम रु. | | | | | |
| १४. | प्रस्तावित कार्यक्रमको उद्धेश्यः | | | | | |
| १४.१ | | | | | | |
| १४.२ | | | | | | |
| १४.३ | | | | | | |
| १४.४ | | | | | | |
| १५ | प्रस्तावित कार्यक्रम कार्यन्वयन स्थलमा विद्यमान भौतिक पूर्वधारहरुः | | | | | |
| १५.१ | सडक सुविधा(छ/छैन) | | नजिकको बजारको नाम | | | |
| १५.२ | कस्तो सडक छ(कच्चि/पक्कि) | | बजार सम्मको दुरी(कि.मी ) | | | |
| १५.३ | बिजुलिको सुविधा(छ/छैन) | | सदरमुकाम देखीको दुरी(कि.मी) | | | |
| १५.४ | खानेपानीको सुविधा(छ/छैन) | | जग्गाको स्वामित्व(आफ्नै/लिजमा) | | | |
| १६ | प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको संख्याः | | | | | |
| १७ | लक्षित समुदाय(अप्रत्यक्ष लाभान्वित हुनेको संख्या) | पूरुष | महिला | दलित | जनजाती | अन्य |
| १८ | प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने क्रियकलापहरुको विस्तृत विवरणः | | | | | |
| १८.१ | | | | | | |
| १८.२ | | | | | | |

| | | |
|---|---|---|
| १८.३ | | |
| १८.४ | | |
| १८.५ | | |
| १९ | प्रस्तावकले विगत वर्षमा सम्पन्न गरेका उल्लेखनिय कार्यहरु(प्रस्तावित कार्यक्रमंग मेल खाने मात्र) : | |
| १९.१ | | |
| १९.३ | | |
| १९.४ | | |
| २० | प्रस्तावित कार्यक्रम सम्बन्धी आवेदकको अनुभव र तालिम भए अवधि समेत खुलाउनेः | |
| | अनुभव तथा तालिमहरु | अवधि |
| २०.१ | | |
| २१ | प्रस्तावित कार्यक्रमले सृजना गर्ने थप रोजगारी संख्याः | |
| ख) | आर्थिक प्रस्तावः | |

प्रस्तावमा उल्लेखित क्रियकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरणः

| क्र.स. | मूख्य-मूख्य क्रियकलापहरु | इकाई | परिमाण | प्रति इकाई दर | कुल लागत रकम रु. | प्रस्तावक को योगदान रु. | कार्यालयबाट अनुदान रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| ४. | | | | | | | | |
| ६. | | | | | | | | |
| ७. | | | | | | | | |
| जम्मा रकम रु. | | | | | | | | |
| VAT रकम रु. | | | | | | | | |
| कुल जम्मा रकम रु. | | | | | | | | |

उल्लेखित सम्पूर्ण विवरणहरु सहि रुपमा पेश गरेको छु/छौ। कहि कतै झुठो ठहरेमा कानुन बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउँदछु/छौ।

प्रस्तावक कृषक/संस्थाको जिम्मेवार पदाधिकारीको

| | |
|---|---|
| नामः | |
| पदः | |
| हस्ताक्षरः | |
| मितिः | |
| संस्थाको छाप | |

## अनुसूची-८
## (दफा १० को उपदफा (२) सँग सम्बन्धित)

## सम्झौता-पत्र

भीमफेदी गाउँपालिका अन्तर्गतको कृषि शाखाको आ.व. ०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत-- ------------------------------कार्यक्रम संचालन सम्बन्धी मिति-----------------गतेको प्रकाशित सूचना मुताबिक पेश हुन आएका प्रस्तावहरु मध्ये श्री-----------------------------, भीमफेदी---------(यस पछि दोस्रो पक्ष भनिने) को प्रस्ताब छनौट भएको हुँदा भीमफेदी गाउँपालिका (यसपछि प्रथम पक्ष भनिने) बिच तपसिल अनुसारका शर्तहरु पालना गर्ने गरी कार्यक्रम संचालनका लागी द्वि-पक्षिय सम्झौता गरि बुझिलियौ दियौ ।

तपसिलः

१. दोश्रो पक्षले बाँकी रकमको व्यवस्था भीमफेदी गाउँपालिकाको -------- नं वडाको --------------------स्थानमा मिति ---------------------------- सम्ममा कार्यक्रम सम्पन्न गर्नेछ ।

२. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्विकृत प्रस्ताव पत्र मुताविक सम्पुर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नेछ ।

३. दोश्रो पक्षले शुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको बिल, दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीका लागी प्रथम पक्ष समक्ष निवेदन पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनका आधारमा मनासिव ठहरे दोश्रो पक्षलाइ प्रथम पक्षले रकम भुक्तानी दिनेछ।

४. प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन / निरिक्षण गरी सम्झौता मुताबिक कार्य भए /नभएको हेर्न र आवश्यक सल्लाह सुझाब दिन सक्नेछ ।

५. दोश्रो पक्षले कार्यकम संचालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड सबैले देखे गरी राख्नेछ ।

६. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, व्यवस्थापन, जोखिम र दिगोपनका लागी गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रीजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोश्रो पक्षको हुनेछ

७. दोश्रो पक्षले नियमित रुपमा कम्तिमा चौमासिक अवधिमा कार्यक्रमको प्रगती, उपलब्धी एवं कारोबार सम्बन्धी विवरणहरु सम्बन्धित कार्यालयलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

८. कार्यक्रम संचालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुबै पक्षको आपसी सहमती अनुसार हुनेछ।

९. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुबै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

१०. सम्झौता अनुरुप काम नगर्ने दोश्रो पक्षलाई कार्यालयले अनुदान रोक्का गर्नेछ । सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा दोस्रो पक्षबाट जरिवाना सहित अनुदान रकम असुल उपर गरिनेछ ।

<u>प्रथम पक्षको तर्फबाटः</u>

हस्ताक्षरः

नामः

पदः

कार्यलयको छापः

<u>प्रथम पक्षको तर्फबाटः</u>

हस्ताक्षरः

नामः

पदः

संस्थाको छापः

<u>रोहवर</u>

हस्ताक्षरः

नामः

पदः

पदः

हस्ताक्षरः

नामः

**इति संवत ----------- साल ------- महिना--------गते ---------- रोज शुभम्।**

**प्रमाणीकरण मिति:- २०८२/०६/०३**

<u>अनुसूची-९</u>

<u>(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)</u>

## <u>स्थलगत प्रमाणिकरण अनुगमनको ढाँचा</u>

भीमफेदी गाउँपालिका
भीमफेदी, मकवानपुर।

<u>विषय: कार्यक्रमको स्थलगत प्रमाणिकरण अनुगमनको प्रतिवेदन पेश गरेको सम्बन्धमा ।</u>

यस भीमफेदी गाउँपालिकाबाट गठीत आर्थिक विकास समिति अन्तर्गत रहको कृषि विकास तथा पशु सेवा शाखाको वार्षिक कार्यक्रमहरुको अनुगमन तथा मुल्याङ्कन समितिका निम्न पदाधिकारीहरुले तपसिलको वडामा सञ्चालित कार्यक्रम कार्यान्वयन अवस्थाको जानकारी एवं भुक्तानीको लागि सिफारिस गर्न मिति ............ /......./....... गते गरेको स्थलगत अनुगमनको प्रतिवेदन तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. | | | | | | | | | |
| कार्यक्रमको नाम र ठेगाना: | | | | | | | | | |
| स्विकृत बजेट: | | | | | | | | | |
| लागत अनुमान: | | | | | | | | | |
| **अनुगमनका क्रममा गरिएको अवस्था विश्लेषण (चिन्ह लगाउने)** | | | | | | | | | |
| **क)** | संरक्षित संरचना प्रकार | परिमाण | क्षेत्रफल | संरचनाको अवस्था | | लगाएको वाली | उत्पादन | संरचनाको लागत | कैफियत |
| १ | | | | राम्रो ☐ | ठिकै ☐ | | | | |
| **ख)** | कार्यक्रम विवरण | परिमाण | क्षेत्रफल | अवस्था | | जात | उत्पादन | कृषि औंजारको विवरण | लाभान्वित संख्या |
| १ | | | | राम्रो ☐ | ठिकै ☐ | | | | |
| २ | | | | राम्रो ☐ | ठिकै ☐ | | | | |
| ३ | | | | राम्रो ☐ | ठिकै ☐ | | | | |
| **ग)** | कार्य सम्पादन | उत्कृष्ट | ☐ | सन्तोषजनक | ☐ | सामान्य | ☐ | हाल वस्तुको विवरण | |
| **घ)** | सम्झौता र कार्यक्रमको उद्देश्य बमोजिम कार्य | | | | भएको | ☐ | नभएको | ☐ | |
| **ङ)** | कार्यक्रम सञ्चालन हुन योग्य भए/नभएको (चिन्ह लगाउने) | | | | योग्य | ☐ | अयोग्य | ☐ | |

| | | | | |
|---|---|---|---|---|
| च) | अनुगमन समितिका पदाधिकारीहरु | | | |
| १ | संयोजक | आर्थिक वि.स. संयोजक | | |
| २ | सदस्य | आर्थिक वि.स. सदस्य | | |
| ३ | सदस्य | आर्थिक वि.स. सदस्य | | |
| ४ | सदस्य सचिव | कृषि विकास शाखा प्रमुख | | |
| ५ | आमन्त्रित | पशु सेवा शाखा प्रमुख | | |
| ६ | आमन्त्रित | | | |
| ७ | आमन्त्रित | | | |
| ८ | आमन्त्रित | | | |
| छ) | स्थानिय उपभोक्ता प्रतिनिधिहरु तथा साक्षीहरु | | | |
| | **नाम/थर** | **ठेगाना** | **दस्तखत** | **कैफियत** |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |

**प्रमाणीकरण मिति:- २०८२/०६/०३**

अनुसूची-१०

(दफा १० को उपदफा (२) सँग सम्बन्धित)

## कार्यदेश पत्र

**श्री ..................................................**

**भीमफेदी गाउँपालिका**

**वडा नं.........., मकवानपुर ।**

विषयः कार्यदेश दिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा भीमफेदी गाउँपालिका र ..............................................कृषक /कृषक समूह/फर्म/सहकारी बीच मिति ......................... मा भएको सम्झौता बमोजिम भीमफेदी गाउँपालिका वडा नं ......... स्थित ...................................................................... कार्यक्रमको लागि वडाको जनप्रतिनिधि, कृषि प्राविधिक र अनुगमन तथा मुल्याङ्कन समितिको समन्वयमा रहेर तोकिएको शर्तहरुको अधिनमा रही कार्य सुचारु गर्न कार्यदेश प्रदान गरिएको छ ।

.......................................

**प्रमुख प्रशासकीय अधिकृत**

## अनुसूची-११
(दफा १२ सँग सम्बन्धित)

## त्रैमासिक तथा बार्षिक प्रगति प्रतिवेदनको ढाँचा

**कार्यक्रमको नामः** ..........................................................

**कार्यक्रम सञ्चालन गर्ने निकायको नामः** भीमफेदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यलय ।

**आ.व.** .................., **महिनाः** ........................

१) **परिचयात्मक विवरणः**

क) **आर्थिक वर्षः**

ख) **प्रदेश/स्थानिय तहः** बागमती प्रदेश, भीमफेदी गाउँपालिका ।

ग) **कार्यालयको नामः** भीमफेदी गाउँपालिका ।

घ) **प्रगति प्रतिवेदनको अवधीः**

२) **प्रगति विवरणः**

क) **वित्तीय प्रगतिः**

| क्र.स. | कार्यक्रम/क्रियकलापपहरु | साझेदार संस्था | बार्षिक विनियोजित बजेट(रु. हजारमा) | प्रथम चौमासिक प्रगति (रु. हजारमा) | दोस्रो चौमासिक प्रगति (रु. हजारमा) | तेस्रो चौमासिक प्रगति(रु. हजारमा) | हालको अवधिसम्मको वित्तिय प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

२) भौतिक प्रगति, प्रतिफल तथा प्रगति नपुगका कारणहरुः

| क्र.स. | कार्यक्रम/ क्रियकलापहरु | एकाई | परिमाण | त्रैमासिक लक्ष्य | प्रथम चौमासिक प्रगति | दोस्रो चौमासिक प्रगति | तेस्रो त्रैमासिक प्रगति | मुख्य प्रतिफलहरु को विवरण | प्रगति नपुगका कारणहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

३) लाभान्वित कृषक/अनुदानग्राहिहरुको विवरण:

| क्र. स. | अनुदानग्राहिको नाम | ठेगाना | सञ्चालन भएका क्रियकलापहरु | अनुदान रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**तयार गर्ने** **जाँच गर्ने** **प्रमाणित गर्ने**

आज्ञाले,
चेतनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत